काठमाडौं महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
काठमाडौं, बागमती प्रदेश

## काठमाडौं महानगरपालिका भित्रका शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुको सामाजिक परीक्षण (Social Audit) कार्यका लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

### १. पृष्ठभूमी

नेपालको संविधानले "प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित गरिने छैन" र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ भनि स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हक भित्र समावेश गरेको छ,मुलुकमा लोकतन्त्रको बहालीसँगै आम जनताले राज्यसँग गर्ने अपेक्षा अत्याधिक मात्रामा वृद्धि हुनुका साथै नागरिकको चेतनास्तरमा भएको विकासका कारण सार्वजनिक सेवा प्रवाहलाई नागरिकको हित अनुकूल जवाफदेही बनाउनुपर्ने आवश्यकता देखिन्छ । लोकतान्त्रिक शासन पद्धतिले नागरिकको सार्वजनिक सेवा प्रतिको चासो र जनस्तरबाट गरिने यसको अनुगमनलाई थप प्रभावकारी बनाउन बल पु-याएकोछ।

स्वास्थ्य क्षेत्रमा सुशासन हासिल गर्ने नागरिकको आधारभूत स्वास्थ्यसम्बन्धी हक सुनिश्चित गर्ने मुख्य आधारका रुपमा सामाजिक जवाफदेहिताको स्थान रहनेछ। सामाजिक जवाफदेहितालाई समावेशी र नागरिक मैत्री स्वास्थ्य सेवाका लागि सामाजिक लेखाजोखा गर्ने आधारका रुपमा उपयोग गरिनेछ। स्वास्थ्य सेवा प्रदायकको जिम्मेवारी र हासिल हुने नतिजा बीचको तादात्म्यता कायम गर्ने तरिकाका रुपमा सामाजिक जवाफदेहिताको उपयोगिता रहनेछ। त्यसैगरी स्वास्थ्य क्षेत्रमा नागरिक र सरोकारवालाको अर्थपूर्ण सहभागिता हासिल गर्ने, उनीहरूवाट पृष्ठपोषण प्राप्त गर्ने र स्वास्थ्य क्षेत्रलाई गुणस्तर र समावेशिताका दृष्टिले प्रभावकारी तुल्याउन निरन्तर सुधार गर्दै जाने आधार सामाजिक जवाफदेहिताले प्रदान गर्नेछ।

स्वास्थ्य संस्थाबाट दिइने सेवाको अवस्था अध्ययन गरी सुधार गर्नका लागि काठमाडौं महानगरपालिका भित्रका **स्वास्थ्य बिमा लागु गरिएका १० वटा** शहरी स्वास्थ्य पर्वद्धन केन्द्रहरूको सामाजिक परीक्षण गर्ने उदेश्यका साथ स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षणका लागि आवश्यक प्रकृया अगाडि वढाएको छ । काठमाडौं महानगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा (शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र) सञ्चालन हुने स्वास्थ्य सम्बन्धी



न:लि बज्राचार्य
महाशाखा प्रमुख

दिपक कुमार के.सी.
प्रमुख
स्वास्थ्य विभाग

कार्यक्रम तथा सेवा प्रवाहलाई सहभागिता मूलक, पारदर्शी एवं योजनाबद्ध तवरले लेखाजोखा गरी सामाजिक परीक्षण गर्ने कार्यका लागि यस कार्यगत शर्त सूची तयार पारिएको छ ।

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बागमती प्रदेश

## २. सामाजिक परीक्षणको औचित्य

स्वास्थ्य सेवासम्बन्धी आवश्यकता पहिचान गर्न सक्ने, यस सम्बन्धी आधारभूत सूचना र जानकारी प्राप्त गर्न सक्ने, गुणस्तरीय सेवाका लागि माग गर्न सक्ने, स्वास्थ्य सेवाबाट प्राप्त हुने लाभ र परिणामको ज्ञान हुने, स्वास्थ्यसम्बन्धी नागरिक अधिकारका बारेमा सजग र जागरूक हुने गरी स्वास्थ्य सेवा प्रणालीमा संलग्न हुन सक्ने र आफ्नो आवाज व्यक्त गर्न सक्ने क्षमता र इच्छाशक्ति सहितको नागरिक सक्षमतालाई नै नागरिक सशक्तीकरणका रुपमा लिइएको छ। नागरिक निगरानी भन्नाले स्वास्थ्य सेवा लक्षित उद्देश्य र नागरिक वडापत्र अनुसार प्रवाह भए नभएको, जवाफदेही र पारदर्शी रुपमा कार्यान्वयन भए नभएको, लक्षित वर्गमा सेवाको लाभ पुगे नपुगेको र उपयोग भए नभएको, कुनै समस्या भए समयमै समाधान गरिएको वा समाधान गर्ने प्रयास गरे नगरेको, आदि विषयमा नागरिकले व्यक्तिगत वा समूहगत रुपमा निर्वाह गरेको भूमिका, क्रियाशीलता र सक्रियता भन्ने बुझ्नु पर्दछ। नागरिक सहभागितामा स्वास्थ्य सेवा प्रणालीमा अर्थपूर्ण रुपमा संलग्न हुने, स्वास्थ्य सेवाका विषयमा स्वामित्व ग्रहण गर्न सक्ने, स्वास्थ्य सेवालाई उपलब्धिमूलक तुल्याउन योगदान गर्ने, जिम्मेवारी लिने र स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन आफ्नो कर्तव्य र दायित्वप्रति सजग र क्रियाशील रहने सक्षमतालाई नागरिक सहभागिताका रुपमा व्याख्या गर्न सकिन्छ ।

त्यसैले स्वास्थ्य क्षेत्रमा सामाजिक परिक्षण गर्नुको मुख्य उद्देश्य स्वास्थ्य संस्था लाई आम नागरिक विशेष गरी महिला, गरिब, जोखिममा रहेका, पिछडिएका एवं बन्चितिमा परेका समुदायका नागरिक प्रति उत्तरदायी र सम्वेदनशील भई उनीहरुको चासो, आवश्यकता र हितप्रति सम्वेदनशील र जबाफदेही वनाउनु नै यस कार्यको मुख्य औचित्य रहेको छ ।

## ३. स्वास्थ्य सेवामा सामाजिक परिक्षणको उद्देश्य

(क) सामाजिक परीक्षणका माध्यमबाट स्वास्थ्य संस्थाबाट दिइने सेवाको अवस्था अध्ययन गरी स्वास्थ्य सम्बन्धी कार्यक्रमको कार्यान्वयन र स्वास्थ्य सेवाप्रबाहमा निरन्तर सुधारका लागी मार्ग प्रशस्त गर्ने।

(ख) स्वास्थ्य क्षेत्रबाट प्रदान गरिने विभिन्न सेवाहरू र स्वास्थ्य सम्बन्धी सामुदायिक क्रियाकलापहरूका बारेमा समुदायलाई जानकारी गराई पारदर्शिता कायम गर्ने ।

(ग) महानगरपालिका अन्तर्गतका स्वास्थ्य विमा लागु गरिएका १० वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरूलाई आमनागरिक र समुदायप्रति जबाफदेही बनाई स्वास्थ्य सेवाका अपेक्षित उपलब्धिहरू हासिल गर्ने कार्यमा योगदान पु-याउने ।

## ४. सामाजिंक परिक्षणको कार्यक्षेत्र



न:लि वज्राचार्य
महाशाखा प्रमुख

दिपक कुमार के.सी.
प्रमुख

यस सामाजिक परीक्षण कार्यका लागि काठमाडौं महानगरपालिका भित्रका शहरी स्वास्थ्य पर्वद्धन केन्द्रहरु मध्ये **स्वास्थ्य बिमा लागु भएका १० वटा प्रवर्द्धन केन्द्रहरुको सामाजिक परिक्षण** गर्ने गरी कार्यक्षेत्र तोकिएको छ । यस बाहेक निम्न लिखित विषयहरुमा समेत सामाजिक परिक्षण गर्नु पर्नेछ ।

(क) स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवा प्रवाह र निशुल्क वितरणहुने सेवा परामर्श तथा औषधि उपचारको आवस्था

(ख) स्वास्थ्य संस्थाको सञ्चालन र ब्यवस्थापन सँग सम्बन्धित विषयहरू : स्वास्थ्य संस्थाको अधिकार र जिम्मेवारी र तिनको प्रयोग,स्वास्थ्य सेवासँग सम्वन्धित पूर्वाधार र उपकरण, स्वास्थ्य जनशक्तिको ब्यवस्थापन, स्वास्थ्य संस्था सञ्चालन कार्यविधिको परिपालना, स्रोत र साधनको उपभोग सेवाको गुणस्तर कायम गर्ने पद्वति, समस्या समाधानको प्रयास, आदिको अवस्था ।

(ग) स्वास्थ्य संस्थाको गुणस्तर

**५. सामाजिक परिक्षण विधि**

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट **स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता संघीय मार्गदर्शन २०७७** मा उल्लेख भएबमोजिम देहायका विधिहरू प्रयोग गरी पुरा गर्नु पर्नेछ ।

**क) सन्दर्भ सामग्री समीक्षा र अध्ययन**

- स्थानीय तहमा रहेका स्वास्थ्य संस्था सम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको रहेका स्वास्थ्य संस्था सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- स्वास्थ्य संस्था आवधिक तथा वार्षिक योजना
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्वन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रतिवेदनहरू

**ख) अन्तरवार्ता र समूह छलफल तथा स्थलगत अवलोकन**

कर्मचारी तथा वडाका जन प्रतिनिधिहरुका प्रमुखसग अर्धसंरचित (Semi-Structured) अन्तरवार्ता गर्नुपर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्वन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु पर्नेछ । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन तथा स्थलगत अबलोकन समेत गरी बुदागत रूपमा प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**ग) प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल :** देहाय अनुसारको शीर्षकमा केन्द्रीकृत रही सामाजिक परिक्षणको प्रारम्भीक प्रतिवेदन स्थानीय स्तरमा छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ:



दिपक कुमार के.सी. प्रमुख स्वास्थ्य विभाग

... बज्राचार्य महाशाखा प्रमुख

- सामाजिक परीक्षणका निष्कर्षहरू
- सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सवालहरूको प्राथमिकीकरण
- यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता (समय सीमा सहित)
- सामाजिक परीक्षण प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- सुझावहरू

६. सामाजिक परीक्षक टोलीको संयोजन

काठमाडौं महानगरपालिका भित्रका शहरी स्वास्थ्य पर्वद्धन केन्द्रहरुको सामाजिक परीक्षण गर्ने कार्यका लागि एक जना टोली नेता सामाजिक परीक्षक विज्ञ र एक जना स्थानीय शासन विज्ञ सामाजिक परीक्षक सदस्य गरी २ जना बिज्ञ परामर्शकर्ताहरूको टोली आवश्यक हुनेछ । आवश्यकता अनुसार अन्य विज्ञहरु आवश्यक भएमा थप गर्न सकिनेछ ।

| क सं | विषय विज्ञ र विज्ञता | जिम्मेवारी तथा योग्यता |
|---|---|---|
| १ | **टोलि नेता (सामाजिक परीक्षक) —१ जना** | • सामाजिक परीक्षणको तयारी र योजना गर्ने।<br>• स्थानीय तहको सुशासन समिति, स्वास्थ्य महाशाखा, स्थानीय स्वास्थ्य संस्था एवम् अन्य सरोकारवालाहरू सँगको समन्वयमा सामाजिक परीक्षणका कार्यान्वयन र सञ्चालन गर्ने।<br>• सामाजिक परीक्षण सम्बन्धी सचेतना तालिम र अभिमुखीकरण कार्यक्रमहरूको सहजीकरण गर्ने।<br>• स्थानीय नागरिक विशेष गरी महिला, विपन्न एवम् बन्चित समुदायलाई सामाजिक परीक्षणका प्रक्रियाहरूमा सक्रियरूपले सहभागी हुन उत्प्रेरित गर्ने र सबै सरोकारवालाहरूलाई परिचालित गर्ने।<br>• स्वास्थ्य संस्था र समुदाय तहबाट सूचना सङ्कलन तथा विश्लेषण गर्ने।<br>• सामाजिक परीक्षणबाट प्राप्त निष्कर्षहरू आमभेलामा प्रस्तुतीकरण गर्ने, कार्ययोजना तयार गर्ने र सोही अनुसार प्रतिवेदन तयार गर्ने।<br>• स्नात्तकोत्तर तह हासिल गरी कम्तिमा १० वर्ष कार्य अनुभव प्राप्त भएको हुनु |
| २ | **टोलि सदस्य (सामाजिक परीक्षक / स्थानीय शासन विज्ञ) —१ जना** | • स्थानीय तहको स्वास्थ्य सेवाप्रवाह र सरकारले उपलब्ध गराउने स्वास्थ्यसम्बन्धी सेवा सुविधाका विषयमा जानकारी भएको।<br>• सूचना सङ्कलन, विश्लेषण तथा प्रतिवेदन गर्न सक्ने क्षमता भएको।<br>• स्थानीय तहका बैठक, अभिमुखीकरण र गोष्ठीहरूको सहजीकरण गर्न सक्ने।<br>• सम्पूर्ण प्रक्रियाको सहजिकरण, प्रतिवेदन तथा दस्तावेज तयारीमा टोली प्रमुखलाई सहयोग गर्नु |



न:लि वज्राचार्य
महाशाखा प्रमुख

दिपक कुमार के.सी.
प्रमुख
स्वास्थ्य विभाग

| क्र.सं. | विषय विज्ञ र विज्ञता | जिम्मेवारी तथा योग्यता |
|---|---|---|
| | | • स्नातकोत्तर हासिल गरी स्थानीय सरकार संचालन तथा सुशासनको क्षेत्रमा ५ वर्षको अनुभव भएको |

आवश्यकता अनुसार अन्य विज्ञ तथा सहयोगी कर्मचारीको समेत परिचालन गर्न सकिनेछ । प्राविधिक मूल्यांकनमा मूख्य २ जना विज्ञको मूल्यांकनको आधार बनाइने भएकाले न्यूनतम २ जना बिज्ञको ब्यक्तिगत विवरण पेश गर्नु पर्नेछ ।

**७. संस्थाको योग्यताः**

प्रस्तावक सेवाप्रदायक संस्थाको योग्यता निम्न अनुसार हुनपर्नेछ, जसको पुष्टि संस्थागत विवरणमा पेश गर्नु पर्नेछ ।

**क. सेवाप्रदायक संस्थाको किसिमः** साझेदारी फर्म, कम्पनी प्रचलित कानुन बमोजिम नेपाल सरकारको कार्यालयमा दर्ता भएको हुनुपर्ने ।

**ख. प्रशासनिक योग्यताः**

- ✓ संस्था दर्ताको प्रमाणपत्र तथा नविकरणको प्रमाणपत्र भएका कम्पनीहरू ।
- ✓ गत आ.व. २०८१/०८२ सम्मको कर चुक्ता या म्याद थपको प्रमाण पत्र भएको ।
- ✓ कुनै कानुनी कारवाहीमा मुद्दा चलिरहेका अवस्था नभएको ।
- ✓ यस कार्य सम्बन्धी सेवा प्रदान गर्न पाउने गरी सम्बन्धित निकायबाट काम गर्न अनुमती प्राप्त गरेको।

**ग. कार्यानुभव**

- ✓ स्थानीय तहमा विकास योजना, रणनीतिक योजना, सुधार योजना तथा सोही प्रकृतिका परामर्शकारी कार्यमा कम्तीमा ३ बर्षको अनुभव भएको र स्थानीय तहमा सामाजिक परिक्षण सम्बन्धि कार्य गरेको अनुभवको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

**८. पेश गर्नुपर्ने प्रतिवेदनहरू**

सामाजिक परिक्षण कार्य सम्पन्न गर्नका लागि परामर्श सेवादाताले निम्नानुसारको प्रतिवेदन तयार पारी पेश गर्नुपर्नेछ ।

| क्र.सं. | दस्तावेजहरू | प्रेषण गर्ने अनुमानित समय | कैफियत |
|---|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन तथा कार्य योजना | सम्झौता भएको १५ दिन भित्र | १ प्रति हार्ड कपि र १ प्रति सफ्ट कपि |



नःलि बज्राचार्य
महाशाखा प्रमुख

दिपक कुमार के.सी.
प्रमुख
स्वास्थ्य विभाग

| क्र.सं. | दस्तावेजहरू | प्रेषण गर्ने अनुमानित समय | कैफियत |
|---|---|---|---|
| २ | प्रस्तुतीकरणका लागि तयार पारिएको संक्षिप्त मस्यौदा प्रतिवेदन | स्वास्थ्य केन्द्रहरुसँग छलफल तथा अन्तरक्रिया र स्थलगत अवलोकन तथा आम भेलामा ७ दिन भित्र | १ प्रति हार्ड कपि र १ प्रति सफ्ट कपि |
| ३ | सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन | प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण सम्पन्न भइ सुधारका लागि गरिएका सुझावहरू प्राप्त भएको ७ दिन भित्र | ३ प्रति हार्ड कपि र १ प्रति सफ्ट कपि |

९. परियोजना अवधि

यस परियोजनाका अवधि कार्य सम्झौता भएका मितिले बढीमा २ महिना हुनेछ । परिस्थितिजन्य कारणले या अवधिमा कार्य सम्पन्न नभएमा दोश्रो पक्षको अनुरोधमा १ महिनासम्म थप गर्न सकिनेछ ।

| क. सं. | क्रियाकलाप | महिना १ | | | | महिना २ | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| १ | प्रारम्भिक छलफल | | | | | | | | |
| २ | कार्य योजना र तयारी | | | | | | | | |
| ३ | सरोकारबाला पहिचान तथा सूचना संकलन छलफल तथा स्थलगत अवलोकन | | | | | | | | |
| ४ | सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण तथा छलफल आयोजना | | | | | | | | |
| ५ | प्रारम्भिक प्रतिवेदन माथी प्राप्त सुझाव सहित प्रतिवेदन तयारी | | | | | | | | |
| ६ | अन्तिम मस्यौदा दस्तावेज महानगरपलिकामा पेश गर्ने | | | | | | | | |



न.लि. वज्राचार्य
महाशाखा प्रमुख

दिपक कुमार के.सी.
प्रमुख
स्वास्थ्य विभाग

## १०. लागत अनुमान

### सामाजिक परीक्षण लागत अनुमान

# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## स्वास्थ्य विभाग

### सामाजिक परीक्षण परामर्श सेवा बजेट

| विवरण | अनुमानित लागत | | | |
|---|---|---|---|---|
| | एकाई/ व्यक्ति | समय/ महिना | दर | जम्मा |
| टिम लिडर (सामाजिक परीक्षक) | १ | १.५ | १०७८५६ | १६१,७८४.०० |
| सहायक टिम लिडर (सामाजिक परीक्षक) | १ | १.५ | ९२५६८ | १३८,८५२.०० |
| तथ्यांक विश्लेषक | १ | १ | ८७५६४ | ८७,५६४.०० |
| तथ्यांक संकलक/सहायक | १ | १.५ | ५८८३० | ८८,२४५.०० |
| यातायात खर्च | १० | ३ | ५०० | १५,०००.०० |
| चिया तथा खाजा खर्च | १० | ३ | ३०० | ९,०००.०० |
| संचार खर्च | १० | १ | ५०० | ५,०००.०० |
| प्रस्तावना खर्च | १ | १ | २५०० | २,५००.०० |
| प्रस्तुतीकरण खाजा खर्च | ४० | ११ | ५०० | २२०,०००.०० |
| प्रोजेक्टर भाडा | १० | १ | १००० | १०,०००.०० |
| स्टेसनरी खर्च (प्रस्तुतीकरणमा सहभागीलाई) | ३५ | ११ | १५० | ५७,७५०.०० |
| प्रतिवेदन खर्च (डकुमेन्टेसन सहित) | ११ | १ | २५०० | २७,५००.०० |
| ब्यानर फ्लेक्स | ११ | १ | १००० | ११,०००.०० |
| अन्य भैपरी आउने विविध खर्च | एकमुष्ट | | | ५०००.०० |
| जम्मा बजेट | | | | ८३९,१९५.०० |
| मू.अ.क. (१३%) | | | | १०९,०९५.०० |
| कर समेत कुल बजेट | | | | ९,४८,२९०.०० |

(अक्षरेपीः नौ लाख अठ्चालिस हजार दुई सय नब्बे रुपैयाँ मात्र।)



न:लि बज्राचार्य
महाशाखा प्रमुख

दिपक कुमार के.सी.
प्रमुख
स्वास्थ्य विभाग